# गाउँपालिका अध्यक्ष श्री तुल्सीराम पुन मगर ज्यूद्धारा
# दोस्रो गाउँसभाको सातौं अधिवेशनमा प्रस्तुत भएको

## आ.ब. २०८२/०८३ को
## वार्षिक नीति तथा कार्यक्रम

बंगलाचुली गाउँपालिका

कमिरेचौर, दाङ्ग

०९ असार, २०८२

**यस गाउँ सभाका अध्यक्षज्यू,**
**यस गाउँसभाका सदस्य ज्यूहरु,**

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन स्थापनापछिको ऐतिहासिक दोस्रो गाउँसभाको सातौ अधिवेशनको विधिवत् रुपमा सुरुवात भएको छ । बंगलाचुली गाउँपालिकाको गरिमामय यस सभामा उपस्थित गाउँसभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी तथा संचारकर्मी लगाएत सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्न चाहन्छु ।

स्थानीय नागरिकको विकासको चाहना, अघिल्लो आर्थिक बर्षका अधुरा कार्यक्रमहरु, विज्ञ तथा सरोकारवालाहरुले दिएको सुझाव, निर्वाचित जनप्रतिनिधिहरुद्वारा मुखरित जनभावनाहरुलाई आत्मसात गर्दै समग्र गाउँपालिकाको नीतिगत मार्ग निर्देशन गर्ने यस गाउँसभामा आ.व. ०८२/०८३ का लागि प्रस्तावित नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।

यस गौरवमय अवसरमा नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, देश र जनताको आमूल परिवर्तनका लागि २००७ सालको प्रजातान्त्रिक आन्दोलन, २०४६ सालको जनआन्दोलन, ऐतिहासीक महान जनयुद्ध, जनयुद्धको जगमा भएको २०६२/०६३ को जनआन्दोलन तथा अन्य विभिन्न लोकतान्त्रिक संघर्षको क्रममा आफ्नो अमुल्य जीवनको वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै सम्पूर्ण घाइते, वेपत्ता तथा सहिद परिवारहरुप्रति उच्च सम्मान प्रकट गर्दछु । मुलूकको राजनैतिक तथा सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति उच्च आदार तथा सम्मान अर्पण गर्दछु ।

विभिन्न कालखण्डका नेपाली जनताको गौरवपूर्ण संघर्षवाट प्राप्त उपलब्धिको रक्षा, वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्र र समाजवाद उन्मुख समावेशी लोकतन्त्रको विकास र नेपालको संविधानले निर्दिष्ट गरे अनुरुपको समाजवाद स्थापना गर्ने दिशामा अघि बढ्ने आधार तयार पार्न बंगलाचुली गाउँपालिकाको **"मानवीय विकास, भौतिक पूर्वाधार र उत्पादनमा लगानी, सम्वृद्ध बंगलाचुलीको बिहानी"** भन्ने मूल नारा अनुरुप आफ्ना सम्पूर्ण नीति तथा कार्यक्रमहरु अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

स्थानीय सरकार जनताको नजिकको सरकार र देशको परिवर्तन तथा लोकतन्त्रको रक्षा गर्ने मुल जगको रुपमा लिंदै सामाजिक न्यायसहितको समृद्ध **बंगलाचुली गाउँपालिका** निर्माण गर्न हाम्रो सम्पूर्ण स्रोत साधन तथा जनशक्ति यस पालिकाको समग्र सामाजिक, आर्थिक एवं साँस्कृतिक रुपान्तरणका पक्षमा लगाउँदै पूर्णरुपमा जनताको दैनिक जीवनमा परिवर्तन गर्ने संकल्पसहित सोहि अनुरुपको नीति, योजना, कार्यक्रम र बजेट तयार गर्ने तथा त्यसको कार्यान्वयन गर्ने व्यवस्था मिलाउने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

**गाउँसभा सदस्य ज्यूहरु,**

देश संघीय संरचनामा गएपछी मिति २०७९ वैशाख ३१ गते सम्पन्न दोस्रो स्थानीय तहनिर्वाचनबाट निर्वाचित गाउँपालिका अध्यक्षको हैसियतले तेस्रो पटक यो नीति तथा कार्यक्रम प्रस्तुत गरिरहेको छु । यो अवस्थामा लामो संघर्षबाट प्राप्त उपलब्धिहरुको रक्षागर्दै समाजवादको आधार तयार पार्नुपर्ने अवस्था छ भने अर्कोतर्फ प्राप्त उपलब्धीहरुसमेत गुम्न सक्ने चुनौतिहरु पनि खडा भएको छ । यतिवेला राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा विभिन्न राजनीतिक आयामहरु देखा परिरहेका छन् ।विश्व परिवेशमा शक्ति राष्ट्रहरुबीच बढ्दै गएको संघर्ष र आन्तरिक रुपमा राजनैतिक दल, दलका नेता र वर्तमान शासनशैली प्रति बढ्दै गएको जनताको वितृष्णाले राष्ट्रिय राजनीति पनि एउटा मोड तर्फ अगाडि बढिरहेको छ । यस परिस्थितिमा देशमा लोकतन्त्र स्थापनाका लागि संघर्ष गरेका राजनीतिक दलहरुबीच बलियो राष्ट्रिय एकताको आवश्यकताको विकल्प छैन ।यसै अनुरुप यस गाउँपालिकाभित्र क्रियाशिल लोकतान्त्रिक आन्दोलनका प्रमुख सहयात्री राजनीतिक दलहरुलाई संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र विकासका लागि सहकार्य गर्न समेत म अपिल गर्दछु ।

**गाउँसभाका सदस्यज्यूहरु,**

विश्वव्यापी रुपमा आर्थिक मन्दी आएको तितो वास्तविकता हामी माझ विद्यमान छ । यसको प्रत्यक्ष एवम् परोक्ष प्रभाव राज्यमा पनि परेकै छ । जसको कारण संघ र प्रदेशबाट स्थानिय सरकारलाई प्राप्त हुँदै आएको समानीकरण अनुदान, राजश्व बाँडफाँड, शसर्त अनुदान लगाएतका बजेटमा भारी मात्रामा कटौती भएको छ। यसका साथै गाउँपालिकाको आन्तरिक स्रोतमा समेत अपेक्षाकृत वृद्धि हुन सकेको छैन । यति हुँदा हुँदैपनि हामी समक्ष विद्यमान स्रोत र साधनहरुको उच्चतम प्रयोग गरी पालिकाको विकास निर्माणको अभियानमा निरन्तर अगाडि बढ्न हामी दृढताका साथ लागिपरेका छौ ।

निर्वाचन हुँदाका बखत हामी निर्वार्चित जनप्रतिनिधिहरुले **बंगलाचुली गाउँपालिकाको** समग्र विकासका लागि **बंगलाचुलीका जनतासँग** गरेका प्रतिबद्धताहरुलाई व्यवहारिक कार्यान्वयन गर्न हामी प्रतिवद्ध छौं । यहाँको विकास र जनमुखी कार्यक्रम तथा योजनाहरु अगाडि बढाउने सवालमा सम्पूर्ण बंगलाचुलीवासीहरुको पनि उत्तिकै साथ सहयोग हुनेमा विश्वस्त छु । हामीहरु योजनावद्ध र प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु हुनुपर्छ भन्ने कुरामा दृढ छौं । हामी जननिर्वाचित प्रतिनिधिहरु जनताको असल सेवक हौं भन्ने मान्यतालाई आत्मसाथ गर्दै जनताकै पक्षमा कामगर्ने कुरामा विश्वास दिलाउन चाहान्छु ।

**गाउँसभाका सदस्यज्यूहरु,**

संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात राजनीतिक स्थायित्व प्राप्ति भएकाले अबको मुख्य उद्देश्य आर्थिक विकास र संमृद्धिमा केन्द्रित भएको छ। तीनै तहका सरकारहरुको सक्रियतासँगै तल्लो तहसम्म आर्थिक, सामाजिक, पूर्वाधार विकासका क्रियाकलापहरु बढ्दै गएका छन्। निजी क्षेत्रको व्यावसायिक कुशलता र उद्यमशीलता विकास हुँदै गएको छ।

बंगलाचुली गाउँपालिकाको **"मानवीय विकास, भौतिक पूर्वाधार र उत्पादनमा लगानी, सम्वृद्ध बंगलाचुलीको बिहानी"** भन्ने दिर्घकालिन सोच निर्माण भएको सर्वविदितै छ ।दिगोविकास लक्ष्य र गाउँपालिकाको

आवधिक योजनाले लिएका लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिहरु कार्यान्वयन गर्दै गरिबी निवारण र आर्थिक-सामाजिक रुपान्तरण सहितको समानुपातिक समावेशी विकास, संमृद्धि र सुशासन हाँसिल गर्ने दिशामा हाम्रा कार्यक्रमहरु केन्द्रित रहेका छन् ।

विकासका समसामायिक मुद्दाहरु दीगो विकास लक्ष्य, जलवायू परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, पूर्ण सरसफाई लगायतका अन्य संबन्धित विषयहरु निर्वाचनका क्रममा गरिएका प्रतिबद्धता पत्रहरु विगतका बर्षहरुमा **बंगलाचुली गाउँपालिकाले** तयार पारेका नीति कार्यक्रम तथा योजनाहरु, स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति, विषयगत समिति लगायत समितिबाट प्राप्त प्रतिवेदन तथा सुझाव, वडा, टोल विकास संस्था, विभिन्न राजनीतिक दल, संघसस्था, गाउँपालिकावासी सम्पूर्ण आमा, बुवा, दाजुभाई तथा दिदि बहिनीहरुका सल्लाह सुझाव समेट्ने प्रयत्न गरिएको छ । प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा स्थानीय राजनीतिक दल लगायत सबै संघसस्थाहरु, पेशागत संघसंगठन, नागरिक समाज, बुद्धिजीबीहरुबाट रचनात्मक र सृजनात्मक सल्लाह र सुझावहरु प्राप्त भएका छन् । प्राप्त सुझावहरु अत्यन्तै मननीय छन् ।

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म बंगलाचुली गाउँपालिकाको आ.व. ०८२/०८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्दछु :

नेपालको संविधानको प्रस्तावना, मौलिक हक, एकल तथा साझा अधिकारका सूची, संघीय सरकार तथा प्रदेश सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु, संघ, प्रदेश सरकारले अबलम्वन गरेका आर्थिक तथा वित्त नीति, **बंगलाचुली गाउँपालिका** आवधिक विकास योजनाले तय गरेका प्राथमिकता, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धता, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य स्थानीय सरकारसँग सम्बन्धित कानून ,नेपाल सरकारको नीति तथा कार्यक्रम, लुम्बिनी प्रदेश सरकारको आगामी आ.व.को लागि तर्जुमा भएको वार्षिक नीति, कार्यक्रम तथा बजेट, यस गाउँपालिकाका जनप्रतिनिधिले दिनुभएको सुझावलाई मार्गदर्शनको रुपमा लिएको छु ।

**गाउँसभाका सदस्यज्यूहरु,**

**अब म बंगलाचुली गाउँपालिकाको आ.व. ०८२/०८३ को नीति कार्यक्रम तथा बजेटले राखेका उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्दछु ।**

<u>उद्देश्य</u>

- संविधानले व्यवस्थागरेको मौलिक हकहरुको कार्यान्वयन गर्दै जानु ।
- शुसासन,पारदर्शीतथा जनमैत्रीसेवा प्रवाह रजनसहभागितामुलक विकासको काम गर्नु ।
- जनतालाई आत्मनिर्भर गराउन उत्पादनका विभिन्न नयाँ उपाय तथा स्रोत खोजी गर्नु ।

- बंगलाचुली गाउँपालिकाको श्रोत साधन र यहाँका जनताको क्षमताको उच्चतम सदुपयोग गरी समृद्ध पालिका बनाउनु ।
- गाउँपालिकाका सम्पूर्ण स्थानहरुमा खानेपानी तथा सरसफाईमा पहुँच वृद्धि गरी स्वच्छ जीवनयापनको शुनिश्चितता गर्न एकघर एक धारा कार्यक्रमलाई पालिकाको गौरवको आयोजनाको रुपमा अगाडी बढाउनु ।
- उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै कृषि,वन,पर्यटन,पशुपक्षी विकास संगै उद्यमशिलताको प्रवर्तन गरि रोजगारीका क्षेत्रहरु विस्तार गरी जनताको आयश्रोतमा वृद्धि गर्नु ।
- नागरिकका आधारभूत हकको रुपमा रहेका शिक्षा,स्वास्थ्य खानेपानी,सरसफाई,स्वच्छ वातावरणमा बाँच्न पाउने हकमा समन्यायिक पहुँचयुक्त पूर्वाधार र सार्वजनिक सेवाको सवलिकरण गर्नु ।
- अपरिहार्य भौतिक पूर्वाधारहरुको दिगोपना,न्यायपूर्ण र सन्तुलित विकास गर्नु र निर्माण समन्नवय भएका भौतिक पूर्वाधारहरुको उपयोग र संरक्षण गर्नु ।
- सरकारी,निजी र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादत्व वृद्धि गरी रोजगारी सिर्जना गर्दै गरिवि निवारण गर्नु ।
- आवधिक योजना र दिगोविकास लक्ष्यलाई मध्यकालिन खर्च संरचना कार्यान्वयन गर्दै बंगलाचुली गा.पा.को दिर्घकालीन सोच "मानविय विकास, भौतिक पूर्वाधार र उत्पादनमा लगानी,समृद्ध बंगलाचुलीको विहानी" लाई साकार पार्नु ।
- लैङ्गिक तथा सामाजिक समावेशीकरण योजना निर्माण गरी दालित,महिला,जनजाती,सिमान्तकृत समुदाय,सहिद,वेपत्ता,घाईते अपाङ्ग र द्वन्दपिडित समुदायलाई मूल प्रवाहीकरण गर्नु ।
- नागरिकको आधारभुत हक शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई र परिस्कृत र मर्यादित जिवनयापनका लागि समन्यायिक पहुँचयुक्त पूर्वाधार र सार्वजनिक सेवाको सवलिकरण गर्नु,
- उत्पादन र उत्पादकत्त्व अभिवृद्धि गर्दै कृषि, पशुपन्छि, विकाससँगै उद्यमशिलताको प्रवर्द्धन गर्नु,
- कृषि, वन, उद्योग, जल र पर्यटन लगायत आर्थिक सम्भावनाका क्षेत्रहरूको विकास मार्फत आर्थिक समृद्धि हासिल गर्नु,
- न्याय पूर्ण, सौहार्द, खुसी र सुखी समाज निर्माण गर्नु,

**प्राथमिकताहरु:**

- गुणस्तरिय सरल र सहज जनपहुँचयोग्यशिक्षा एवं स्वास्थ्यमा विस्तार
- एक घर एक धारा कार्यक्रम मार्फत खानेपानी तथा सरसफाईको क्षेत्रमा जनताको पहुँच विस्तार
- सडक यातायात, भवन, सिँचाई, तटवन्द निर्माण पूर्वाधार लगाएतका कामलाई निरन्तरता दिनु
- कृषि, पशुपन्छी र लघु उद्यममा आधारित रोजगारी वृद्दि गरी अन्नवाली, मासु, फलफुल र तरकारी उत्पादनमा वृद्धि गराउँदै उत्पादनमा आधारित अनुदानको कार्यक्रम लागु गर्नु र बजारीकरणको लागी आवश्यक व्यवस्था गर्नु
- लैङ्गिक समानता, सामाजिक समावेशीकरण, सामाजिक सुरक्षा र कुशल न्याय सम्पादनलाई निरन्तरता दिनु

- दिगो, भरपर्दो  र प्रभावकारी सार्वजनिक सेवा प्रवाहका लागि संस्थागत सबलिकरणर क्षमता वृद्धि गर्नु
- सरकारी, निजी, सहकारी र विकास साझेदार संस्थाहरुसँग सहकार्य गर्दै उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना ,गरिबी निवारण तथा आत्मनिर्भर अर्थतन्त्रको विकासमा जोड दिनु
- जैविक विविधताको अध्ययन गर्दै ,वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायू परिवर्तनका जोखिम न्युनीकरणका लागि कार्यक्रम निर्माण गर्नु
- संस्कृती, पर्यटन, युवा तथा खेलकुद,सुरक्षीत आप्रवासन रकिसान पेन्सन कार्यक्रमलाई अगाडी बढाउनु
- राजस्वमा वृद्धी, भूमीहिन सुकुम्वासीलाई जग्गाधनी पूर्जा वितरण, भूमिको वर्गिकरण, प्राकृतिक स्रोत सम्पदाको संरक्षण गर्नु ।

## <u>सामाजिक विकास</u>

**गाउँसभाका सदस्यज्यूहरु,**

<u>शिक्षातर्फ</u>

यस गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सबै तहका सरकारहरु,शिक्षक,अभिभावक,वालवालिका र सरोकारवाला सबैको साझा प्रयासबाट **"हामी सबैको इच्छा : विद्यार्थीलाई गुणस्तरिय शिक्षा"** भन्ने नारा तय गरी शिक्षामा सबैको पहुँच स्थापित गर्न निम्नाअनुसारको कार्यहरु गरिने छ ।

- निःशुल्क शिक्षाका लागि विद्यालयलाई अनुदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्यार्थी संख्या र भुगोल समेतको आधारमा विद्यालय समायोजन र दरवन्दी मिलानको कार्य गरीने छ ।
- शिक्षा क्षेत्रलाई सर्वसुलभ गुणस्तरिय शिक्षाको अवधारणा बमोजिम अगाडी बढाईने छ । विद्यालय उमेर समुहका सबै वालवालिकाहरुलाई विद्यालयमा **"ल्याउने, सिकाउने र टिकाउने"** कार्यलाई प्रोत्साहनमुलक कार्यक्रम सहित अभियानका रुपमा संचालन गरिने छ ।
- संघ, प्रदेश, गाउँपालिका, वडा तहबाट विद्यालयहरुको सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गरी शैक्षिक सुशासनको प्रत्याभूति प्रदान गरिनेछ ।
- विद्यालय शिक्षामा गुणस्तर, पहुँच, समता, प्रविधिसहितको सीपयुक्त शिक्षा प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- संघ तथा प्रदेश सरकारको सहकार्य र साझेदारीमा विद्यालयमा भौतिक पूर्वाधार विकास गर्दा बालमैत्री, अपाङ्गतामैत्री, सूचना प्रविधिमैत्री तथा भूकम्प प्रतिरोधी बनाउने कार्यलाई जोड दिइनेछ।
- शिक्षक तथा कर्मचारीहरुको पेशागत दक्षता अभिवृद्धिका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।
- आधारभुत तह तथा माध्यमिक तहको परीक्षालाई व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापन गरिनेछ । तोकिएको नतिजाका आधारमा शिक्षक सम्मान र प्रोत्साहन गरिनेछ ।

- सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई प्रदान गरिने दिवा खाजालाई व्यवस्थित र गुणस्तरिय बनाईने छ ।
- अभिभावक शिक्षा कार्यक्रमको माध्यमबाट अभिभावकको बालबालिका र विद्यालयप्रति जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमलाई जोडदिने उद्देश्यअनुरुप गणित र विज्ञानलाई अंग्रेजी भाषामा पठन पाठन गराउने काम जारिरहेको र क्रमशः माथिल्ला कक्षाहरुमा पनि लागु गरिने छ ।
- गाउँपालिकाभित्र विभिन्न सीपमूलक तालिम प्रदायक संस्थाहरु स्थापना कार्यलाई प्रोत्साहन गरिनेछ ।उनीहरुसंग समन्वय गरी सरकारी सेवा तथा संस्थानका आयोगहरुमा प्रतिष्पर्धा गर्न चाहनेहरुका लागि तयारी कक्षा तथा विभिन्न पेशा ब्यवसायमा प्रवेश गर्नेहरुका लागि निश्चित संख्यामा निःशुल्क तालिमको ब्यवस्था गरिने छ ।
- सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा सुविधासम्पन्न बनाउँदै शैक्षिक गुणस्तर बृद्धि गर्न गुरुयोजना निर्माण गरिने छ ।
- शिक्षालाई उत्पादन तथा जीवन जगतसँग जोड्न शिक्षकहरुलाई आवश्यक विषयगत तालिमको ब्यवस्था गरिने छ ।
- यस गाउँपालिकाभित्र जन्म भई विद्यालय तहसम्म अध्ययन पश्चात हाल गाउँपालिका बाहिर रहेर विज्ञता हासिल गर्नुभएका सफल व्यक्तिहरुलाई सम्पर्कमा ल्याई गाउँपालिकाको विकासमा आफ्नो विज्ञताको प्रयोग गर्न प्रोत्साहित गर्ने कार्यक्रम बनाइने छ ।
- यस गाउँपालिकाभित्र बाहिरबाट अनुसन्धानमा आउने चाहनेहरुलाई प्रोत्साहन गरिने छ । हरेक बर्ष फरक फरक शीर्षकमा अनुसन्धानकर्ता व्यक्ति वा संस्थासँगको सहकार्यमा अनुसन्धानका काम अगाडि बढाइने छ ।
- फरक क्षमता भएका बालबालिकाको शिक्षालाई अनिवार्य गर्न उपयुक्त ब्यवस्था गरिने छ ।
- सरकारी विद्यालयमा रहेको शिशु कक्षाहरुलाई सुविधासम्पन्न मन्टेश्वरी कक्षाका रुपमा क्रमश विकसित गरिनेछ ।
- प्रविधिमैत्री शिक्षण सिकाईलाई प्रोत्साहन र प्रबर्द्धन गर्न दक्ष र सीपयुक्त जनशक्ति उत्पादन गर्ने नीति लिइनेछ । यसका लागि नेपाल सरकार, प्रदेश सरकारसँगको सहकार्यमा प्राविधिक र स्वरोजगारमूलक शिक्षामा जोड दिइनेछ।
- विद्यालय शिक्षालाई गुणस्तरीय, वैज्ञानिक, व्यावसायिक, सीपमूलक र जीवनोपयोगी बनाउन सामुदायिक विद्यालयको क्षमता विकास तथा पहुँच विस्तार गर्ने नीति लिइनेछ ।क्रमशः अग्रेजी माध्यममा पठनपाठनको व्यवस्थालाई निरन्तरता दिईने छ।
- विद्यालय व्यवस्थापन समिति शिक्षक, अभिभावक बिच अन्तरसम्बन्ध कायम गर्ने कार्यलाई निरन्तरता गरिनेछ ।
- सामुदायिक शैक्षिक संस्थाको पूर्वाधार, स्थानीय पाठ्यक्रम लगायतका विषयमा समसामयिक सुधार गरी बैज्ञानिक, सिपमूलक तथा गुणस्तरिय शिक्षा प्रदान गर्न सैक्षिक सम्भाव्यता अध्ययन गरि योगनाबद्ध ढंगले कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ ।

- विद्यालयको पहुँच भन्दा बाहिर रहेका बस्ति तथा समूदायलाई लक्षित गरी आवश्यकता अनुसार वाल विकास केन्द्रहरु स्थापना तथा संचालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको गुणस्तरीय शिक्षामा सहज पहुँचको सुनिश्चितता एवम् अपाङ्गमैत्री शिक्षण सिकाई प्रविधिमा सुधार गरिनेछ। गा.पा.ले निर्माण गर्ने पूर्वाधारहरु वाल तथा अपाङ्गमैत्री बनाइनेछ ।
- यस गाउँपालिकाका सरकारी विद्यालयमा प्राविधिक धारतर्फको शिक्षालाई प्राथमिकताका साथ अगाडी बढाइनेछ। प्राविधिक धारतर्फको शिक्षामा खासगरी मजदूर,विपन्न ,सहिद, घाईते अपाङ्ग,वेपत्ता परिवारका जेहेन्दार छात्रछात्राहरुलाई बिशेष नीति बनाई प्राविधिक शिक्षाको अवसर प्रदान गरिने छ ।
- नमुना विद्यालयलाई व्यवस्थित रुपले संचालन गरी वास्तविक रुपमा नमुना विद्यालय बनाउन आवश्यक योजना निर्माण गरिने छ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

<u>युवा तथा खेलकुद तर्फ</u>

युवाहरु देश परिवर्तनको संवाहकतथा भविष्यका कर्णधार हुन् । तसर्थ **स्वस्थ जीवन र अनुशासनका लागि खेलकुद** भन्ने नारा सहित यस गाउँपालिकाले युवाकेन्द्रित निम्न कार्यक्रमहरु अगाडि बढाउने छ ।

- गाउँपालिकास्तरिय खेलकुद प्रतियोगिता,राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता, वडास्तरिय खेलकुद, विद्यालयस्तरिय खेलकुद प्रतियोगितालाई थप व्यवस्थित गर्दै स्वस्थ र प्रतिस्पर्धी नागरिक निर्माण कार्यक्रम सञ्चालन गरिनेछ । खेल क्षेत्रको विकास, प्रवर्धन र सहयोगको कार्यक्रमलाई निरन्तरता दिइनेछ । खेल क्षेत्रको विकासको लागि खेलाडी तथा खेलमैदानको विकास गर्दै लगिने छ।
- बंगलाचुली गाउँपालिकाको युवा नीति निर्माण गरिनेछ ।युवाहरुको परिचालनमार्फत समाज रुपान्तरण गर्ने युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा खेलकुदको समग्र विकास तथा उत्कृष्ट खेलाडी उत्पादन गर्न विद्यालय तह देखि नै खेलाडीहरुको पहिचान र विकास गरिने छ ।
- युवा नेतृत्व तथा क्षमता विकासका लागि युवाकेन्द्रित कार्यक्रम बनाइने छ ।
- खेलकुदका माध्यमबाट युवाहरुलाई अगाडी बढाउन बंगलाचुली कप खेलकूद प्रतियोगितालाई निरन्तरता दिईने छ ।
- वडा तथा टोलस्तरमा विभिन्न विधाका खेलकूद क्लबहरुलाई खेल आयोजनाका लागि प्रोत्साहन गर्न मापदण्ड बनाएर सहयोग गर्ने कार्यक्रम बनाइने छ।हरेक वडामा खेल मैदान र खेलकुद प्रतियोगीता सञ्चालनको व्यवस्था गरिने छ ।
- लागु औषध दुर्व्यसनलाई नियन्त्रण तथा निरुत्साहित गर्न युवा क्लवहरुसँगको सहकार्यमा सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।साथै वढ्दै गईरहेको महिला हिँसा, घरेलु हिँसार यौनजन्य हिँसाको न्यूनिकरण तथा युवाहरुलाई दुर्व्यसन बाट टाढा राख्न युवा तथा किशोर किशोरीका लागि आत्मरक्षा, मनोरामर्श र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयनमा ल्याईनेछन् ।
- खेदकुद क्षेत्रलाई थप व्यवस्थित गराउन पालिकास्तरिय खेलकुद विकास समिति गठन गरीने छ

**गाउँसभाका सदस्यज्यूहरु,**

स्वास्थ्य तथा सरसफाई तर्फ

मानव विकासको आधार सुखी जीवनयापन गर्नका लागि हरेक मानिस स्वस्थ रहन जरुरी छ । यसर्थ बंगलाचुली गाउँपालिकामा नागरिकको स्वास्थ्य सेवाका लागि **स्वस्थ र मर्यादित जीवनयापन नागरिकको अधिकार, स्थानीय सरकारको मुल कार्यभार** भन्ने मूल लक्ष्य लिई आर्थिक वर्ष २०८२/०८३ का लागि स्वाथ्य तर्फ निम्न नीति तथा कार्यक्रम ल्याइएको छ ।

- निशुल्क आधारभूत स्वास्थ्य सेवामा आम गाउँपालिकावासीको सुलभ र सरल पहुँचको व्यवस्थामा थप सुधार गर्नु अत्यावश्यकिय औषाधि तथा उपकरणको अभाव हुन नदिने व्यवस्था मिलाईने छ।
- आत्महत्या न्यूनिकरणका लागि मानसिक तथा मनोसामजिक नितिअनुरुप मनोपरामर्श तथा उपचारको अभियानको कार्यक्रमलाई तिव्रता दिईने छ ।
- नसर्ने रोगको प्रकोप नियन्त्रण गर्न घर-घरमा औषधि पुर्याउने तथा स्वाथ्य परिक्षणको व्यवस्था गरिने छ ।
- आधारभूत स्वास्थ्य सेवाहरु खोप,मातृ तथा नवजात शिसु स्वास्थ्य,परिवारनियोजन सेवा,प्रजनन स्वस्थ्य,सरुवाजन्य रोगहरु,नसर्नेरोगहरु,मानसिक स्वास्थ्य,जेष्ठनागरीक स्वास्थ्य सेवा,सामन्य आकस्मिक सेवा, स्वास्थ्य प्रवर्द्धन र आयुर्वेदिक तथा वैकल्पीक स्वास्थ्य सेवा जस्ता आधारभूत सेवा बंगलाचुली गाउँपालिका द्वारा सुनिश्चित गरिनुका साथै आधारभूत अस्पताल बंगलाचुलीको सेवामा थप व्यवस्थित गर्दै आधुनिक प्रयोगशाला सेवा र अत्याधुनिक प्रविधिको डिजिटल ए-क्सरे तथा आकास्मीक स्वास्थ्य सेवाको व्यवस्था गरिने छ ।
- गाउँपालिकाका ९ वटै स्वास्थ्य संस्थाहरुमा (EHMIS/ELMIS) क्रमशः Online system मा लगिने छ ।
- गाउँपालिकालाई पूर्ण संस्थागत सुत्केरी ,पोषणमैत्री पालिका, र पूर्णखोप युक्त गाउँपालिकाको रुपमा विकास गरीने छ ।
- जेष्ठनागरीक उपचार(घरभेट घाट सेवा) थप व्यवस्थित गरिने छ ।
- विभिन्न समयमा गाउँपालिका भित्र विशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य शिविरहरु संचालन गरिने छ ।
- सबै बर्थिङ्ग सेन्टरलाई श्रोतसाधन सहित व्यवस्थित गरिनेछ । जोखिममा परेका गर्भवती तथा सुत्केरीको जीवन रक्षार्थ आएको गाउँपालिका प्रसुति पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बंगलाचुली वासीलाई निःशुल्क उपलब्ध हुने अतिआवश्यक औषधिहरु, स्वास्थ्य परीक्षण र आवश्यकताका आधारमा वितरण गरिने छ ।
- जटिल भौगोलिक अवस्थामा बसोबास गर्ने बंगलाचुलीवासीको आधारभुत स्वास्थ्यमा पहुँच अभिवृद्धि गर्न निशुल्क सुत्केरी एम्बुलेन्स सेवालाई निरन्तरता दिदै लगिनेछ ।
- गाउँपालिका भित्र रहेका गर्भवती महिलालाई सुरक्षित रुपमा स्वास्थ्य संस्थामा नै आएर बच्चा जन्माउनका लागि प्रोत्साहित गरिनेछ । यसका लागि गाउँपालिकामा रहेको स्वास्थ्य शाखा

मार्फत वडामा रहेका गर्भवती महिलाको सुची नियमित रुपमा अद्यावधिक गरी प्रोत्साहन गरिनेछ।

- अल्जाईमर, क्यान्सर, पर्किन्सन, मुटु, मिर्गौला, अटिज्म,स्पाइनली इन्जुरी, जस्ता दिर्घरोगबाट पीडित बिरामीको उपचारमा सहयोग गर्न उपचार सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पूर्ण सरसफाई अभियानलाई थप व्यवस्थित गरीनेछ ।
- दुर दराजमा रही स्वास्थ्य उपचारमा उलेख्य योगदान गरेवापत सम्पूर्ण महिला स्वयंसेविकाहरुलाई प्राप्त हुँदै आएको सुविधामा निरन्तरता दिइनेछ ।
- यस पालिकामा नेपाल सरकारको मापदण्ड अनुसार लक्ष्य हासिल गर्ने गरी खोप कार्यक्रम प्रभावकारी बनाईनेछ ।
- गाउँपालिका स्तरमा रहेका स्वास्थ्य संस्थाहरुमार्फत सुरक्षित मातृत्व,वाल पोषण, खोप जस्ता कार्यक्रमलाई प्रभावकारी बनाईने छ भने हाल रहेका स्वास्थ्य संस्थाहरुको आवस्यकता र औचित्यताका आधारमा स्तरोन्नती गरीदै लगीनेछ ।
- बंगलाचुली अस्पताललाई विशेषज्ञ सहितको सेवा प्रवाह गर्ने अस्पतालको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिदै अस्पतालको संस्थागत सक्षमता अभिवृद्धि गरीनेछ ।
- हाँसिपुर आयुर्वेद औषधालय र कमिरेचौरमा रहेका आयुर्वेद इकाई र अन्य वडामा आयुर्वेद गाउँघर क्लिनिक मार्फत वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तार कार्यलाई निरनतरता दिइनेछ ।
- मातृ-शिशु स्वास्थ्यमा सुधारका लागि किशोरी, गर्भावस्था र सुत्केरी स्वास्थ्य सचेतना तथा बहुक्षेत्रीय पोषण सम्बन्धी कार्यक्रम निरन्तरता दिइनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

<u>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तथा न्याय सम्पादन</u>

महिला, बालबालिका, अपांगता भएका व्यक्तिहरु तथा जेष्ठ नागरिकहरु, आदिवासी जनजाती, दलित, आर्थिक तथा सामाजिक रुपमा पिछडिएको लक्षित वर्गहरु केन्द्रित निम्नलिखित कार्यक्रमहरु लागू गरिने छ ।

- सामाजिकरुपमा रहेका कुरीति तथा कुप्रथाका रुपमा रहेका बाल विवाह, बालश्रम, दुर्व्यवहार, लागु पदार्थ दुर्व्यसनी, दाइजो प्रथा,घरेलुहिंसा, लैङ्गिक हिंसा, जातीय विभेद तथा यौनिक अल्प सङ्ख्यक विभेदको न्यूनिकरणका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- आदिवासी जनजाती, दलित, उत्पीडित समुदाय, अपाङ्गता भएका, एकल महिला, लैगिक विभेद र हिंसामा परेकाहरुको समस्या समाधान गर्न एवं सामाजिक सद्भाव र न्यायपूर्ण समाजको निर्माण गर्न पहल गरिनेछ ।
- महिलाको आर्थिक आत्मनिर्भरताको तथा क्षमता अभिवृद्धि र सशक्तिकरणका लागि सीपमूलक तालिम, आय आर्जन र महिला अधिकार सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय वालमैत्रीशासन कार्यक्रम मार्फत टोलमा बालक्लव र गाउँपालिकामा वालसञ्जाल गठन कार्यलाई निरन्तरता दिईनेछ।
- वालश्रमशोषण मुक्त गाउँपालिका घोषणाका लागि पूर्वतयारी कार्यक्रम अगाडी बढाइनेछ ।

- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति तथा कार्ययोजना कार्यान्वयनमा ल्याईनेछ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको परिक्षण(GESI Audit) कार्यालाई निरन्तरता दिइनेछ ।
- यस गाउँपालिकामा लैङ्गिक उत्तरदायी बजेट निर्माण कार्यमा जोड दिइनेछ।
- स्थानीय माग र आवश्यकतालाई मध्यनजर गरी लक्षित वर्गको चेतनास्तर वृद्धीसँगै आय आर्जन र नीति निर्माण तथा कार्यान्वयनमा पहुँच अभिवृद्धी गर्ने सामाजिक समावेशिकरण कार्यनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- सामाजिक विभेद तथा जातीय छुवाछूत अन्त्यका लागि बनेको कानूनलाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ ।
- दलित समुदायका नागरिकलाई रोजगारी, आयआर्जन तथा जीविकोपार्जनको लागि परम्परागत सीप र ज्ञानलाई उद्यमशिलतामा रुपान्तरण गरिने नीति लिइनेछ ।

<u>कला, संस्कृति र परम्परा प्रवर्धन</u>

- यस गाउँपालिकाक्षेत्रभित्र प्रचलनमा रहेका परम्परागत सोरठी भैलो नाचलाई अझै व्यवस्थित र मर्यादित बनाउँदै राष्ट्रियरुपमा पहिचानका लागि पहल गरिने छ ।
- आदिवासी, जनजाती,दलित समुदायका भाषा, धर्म, कला, संस्कृति, सम्पदा र परम्परालाई संरक्षण र प्रवर्धन गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका मठ मन्दिर, चर्च, सवदाह स्थल/समाधी स्थल लगायतका धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण र संवर्धनका कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाभित्रको उपयुक्त मगर बाहुल्य क्षेत्रलाई सांस्कृतिक ग्राम घोषणा गरी आन्तरिक पर्यटन प्रबर्द्धन गरिनेछ ।
- मौलिक तथा परम्परागत संस्कार, संस्कृति, खानपानको प्रवर्धन गर्न संग्राहलय स्थापना तथा सञ्चालनका लागि पहल गरिनेछ ।

<u>न्यायिक समिति सञ्चालन</u>

- न्यायिक समितिका पदाधिकारी तथा गाउँ कार्यपालिकाबाट सूचिकृत मेलमिलापकर्ता तथा सहजकर्ताहरुलाई समयानुकूल पूनर्ताजगी तथा क्षमता विकास सम्बन्धी तालिम प्रदान गरिनेछ।
- पदाधिकारी, वडा सचिव, तथा सहायक कर्मचारीको लागि न्यायिक कार्यविधि ऐन तथा सो सँग सम्बन्धित विषयमा तालिम दिई न्यायिक निरुपणको व्यवस्था मिलाइनेछ।
- न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्ने मुद्धाहरुको निष्पक्ष छानबिन गरी पिडित पक्षलाई न्यायको प्रत्याभुती हुनेगरी समयमै मुद्धा मामिलाको छिनोफानो गरिनेछ।
- स्थानीय विवादहरु समाधान / निरुपण एवम् न्याय सम्पादन प्रक्रिया छिटो छरितो र सहज बनाउनको लागी न्यायिक पदाधिकारीहरुको क्षमता अभिवृद्दि गरी हरेक वडामा स्थापना भएका मेलमिलाप केन्द्रहरुलाई व्यवस्थित बनाई मेलमिलापकर्तालाई प्रभावकारी रुपमा परिचालन गर्ने नीति लिइनेछ ।
- बंगलाचुलीवासीहरुको न्यायमा पहुँचको दायरा फराकिलो बनाउन समय समयमा विभिन्न जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम गरिनेछ ।

व्यक्तिगत घटनादर्तातथा पञ्जीकरण

- सामाजिक सुरक्षा भत्ता वितरणको काम सम्वन्धित वडा कार्यालय तथा पायक पर्ने स्थानबाट वितरणको कार्यलाइ निरन्तरता दिइने छ ।
- सामाजिक सुरक्षा, व्यक्तगत घटनादर्ता र राष्ट्रियपरिचय पत्र सम्बन्धी अभिमुकरण/सचेतना तालिम संचालन गरिनेछ ।
- प्रत्येक वडाहरुमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी गुनासो सुनुवाई समिति गठन तथा उक्त समितिलाई अभिमुखिकरण गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप व्यवस्थित गर्न बैंक तथा सरोकारवाला संगआवश्यक परामर्श गरिने छ ।

## आर्थिक विकास

**गाउँसभाका सदस्यज्यूहरु,**

कृषि तर्फ

बंगलाचुली गाउँपालिको अधिकांस भू-भाग कृषि उव्जनीका लागि अनुकुल छन् ।कृषि कर्मगरेर कृषकलाई आत्मनिर्भर गराउनका लागि बंगलाचुली गाउँपालिकाले निम्न नितिहरु अबलम्बन गरिनेछ ।

- बंगलाचुलीका हरेक जनतालाई एक घर एक कृषिउत्पादनमा जोड्नका लागि आवश्यक तयारी गरीने छ।
- बंगलाचुली गाउँपालिकाका कृषि पकेट क्षेत्रमा व्यावसायिक रुपमा नगदे बाली तथा तरकारी उत्पादन कार्यक्रमको नितिलाई जोड दिइनेछ । साथै सहकारी वा निजी क्षेत्रको सहकार्यमा बजारीकरणका लागि संयन्त्र विकास गरिनेछ ।
- यस गाउँपालिकामा बाँझो जग्गालाई व्यवस्थित गर्न आवश्यक निती वनाईने छ।
- खाद्य संप्रभुताका लागि कृषिमा रैथाने बिउ संरक्षण र प्रर्वधनको कार्यक्रम गरिनेछ ।स्थानीय रैथाने वालीको संरक्षण,उत्पादन र प्रचारप्रसारलाई जोड दिईनेछ ।
- कृषकलाई उत्पादन साथमा अनुदान हातमा भन्ने कार्यका लागि उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- पालिकाभित्र सक्रिय रुपमा कृषि पेशामा संलग्न कृषकको सूचीकरण गरी व्यवसायिक कृषि प्रवर्धनमा गर्न जोड दिईनेछ । कृषक पेन्सन कार्यक्रम लागु गरिनेछ ।
- उपयुक्त बाली छनौटको लागि संघीय सरकार, प्रदेश सरकार र अन्य निकायहरुको समन्वयमा माटो परीक्षण कार्यलाई निरन्तरता दिइनेछ ।
- कृषि उपज संकलन केन्द्र तथा कृषि एम्बुलेन्स सञ्चालनलाई थप प्रभावकारी बनाइनेछ ।
- गाउँपालिकाभित्रका कृषियोग्य भूमीको पहिचान, वर्गिकरण र संरक्षण गर्दै खेती प्रणालीमा चक्लाबन्दी तथा कृषि सडक विस्तारको नीति अवलम्बन गरिनेछ ।
- पालिकामा अर्गानीक खेती प्रणालीको विकासका लागि जैविक तथा प्राङ्गारिक मल उद्योगलाई प्रवर्द्धन गरिनेछ । रासायनिक विषादीको उपयोगलाई निरुत्साहित गरी जैविक विषादीको प्रवर्द्धन गरिनेछ ।साथै विषादी रहित अर्गानिक पालिका घोषणा गर्न आवश्यक कार्यक्रम लागु गरिनेछ ।

पशुपन्छी तथा मत्स्य पालन

- यस गाउँपालिकामा बाट पशुपन्छी स्वास्थ्य प्रबर्धनका लागि पशुपन्छी उपचारकेन्द्र मार्फत निशुल्क पशु उपचार तथा भ्याक्सीनेशन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- दुध, अण्डा र मासु उत्पादनलाई प्रवर्द्धन गर्न उत्पादनमा आधारित अनुदान कार्यक्रम लागु गरिनेछ । साथै बजारिकरणको व्यवस्था गरी निर्यातमा प्रोत्साहन गरिने छ ।
- सरकारी तथा गैरसरकारी क्षेत्रको सहकार्यमा निःशुल्क पशुस्वास्थ्य शिविर मार्फत सेवा गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- उनन्नत जातका पशुपक्षी विकास कार्यक्रमलाई निरन्तरता दिईने छ । सहभागीतामा आधारीत अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकामा मस्त्यपालन गर्ने व्यवसायलाई र कृषकलाई प्रोत्साहान तथा प्रविधिक सहयता प्रदान गरिनेछ ।

<u>श्रम, रोजगार, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्र सम्बन्धी नीति</u>

- वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित, उपलब्धिमुलक एवं शोषणरहित बनाउनका लागि यस गाउँपालिकामा सुरक्षित आप्रवासन (SAMI) परियोजना लागु गरीनेछ ।
- **"बंगलाचुलीमा उद्यमशीलता युवा र महिला पहिला"** भन्ने मूल नाराका साथ बेरोजगार युवाहरु र महिलाका लागि सीपयुक्त र स्वरोजगारमूलक कार्यक्रमप्रदान गरिनेछ ।
- गाउँपालिकाका बासिन्दालाई वैदेशिक रोजगार लक्षित सीप, जीवन विमा, सामाजिक सुरक्षासहित गाउँपालिकाबाट श्रम स्वीकृति गराई वैदेशिक रोजगारीमा जाने व्यवस्था मिलाइनेछ ।
- वैदेशिक रोजगारबाट फर्किएकाहरुको सीप, पुँजी र प्रविधिको उच्चतम प्रयोग गरी पालिकाको आर्थिक वृद्धिमा टेवा पुर्‍याइनेछ ।
- बढ्दो आत्महत्या, मानसिक रोग तथा परिवारिक विखण्डन रोक्न विद्यालय तथा समुदायमा मनोसामाजिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। साथै मनोसामाजिक परामर्श सेवालाई व्यवस्थित गर्न तर्जुमा भएको मनोसामाजिक तथा मानसिक स्वास्थ्य नीतिलाई प्रभावकारी रुपमा लागू गरिनेछ ।
- गाउँपालिकामा लघु उद्यम विकास कार्यक्रम कार्यविधि २०७७ अनुसार लघु उद्यम विकास कार्यक्रम समुदायको इच्छा चाहना र माग स्रोत सर्वेक्षणको आधारमा सञ्चालन गरी नयाँ उद्यमी सिर्जना र पुराना उद्यमीको स्तरोन्नती तालिम मार्फत गरिबी निवारण गर्न पहल गरिनेछ ।
- राष्ट्रिय रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउदै सञ्चालन गरिनेछ ।
- पालिकाभित्रका वेरोजगार यूवाहरुलाई सिटिइभिटीसँगको सहकार्यमा आवश्यकताको आधारमा विभिन्न तालिम दिई दक्ष जनशक्ति बाहिरबाट झिकाउनु पर्ने अवस्थाको अन्त्यका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- साना तथा मझौला उद्योग सञ्चालकहरुसँग सम्वाद गरी उत्पादन वृद्धि र रोजगारी सिर्जनाका लागि आवश्यक साझेदारी गरिनेछ ।
- बंगलाचुली गाउँपालिकाभित्र रहेका सेवा प्रदायक संस्थाहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धताका लागि पहल गरिनेछ ।

- 'पार्क' तथा खुल्ला क्षेत्र निर्माणको अवधारणालाई निरन्तरता दिइनेछ । बंगलाचुली गाउँपालिकाको रमणीय दृश्यावलोकनको गन्तव्यको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकास्तरिय सहकारीहरुको नियमित तथा सघन अनुगमन गरिनेछ । सहकारीको व्यवस्थित रुपमा सञ्चालनका लागि कोपोमिस प्रणालीको अवलम्बनलाई अनिवार्य गराइनेछ ।
- पालिकाभित्र रहेका ऐतिहासिक गढीलेक, बंगलाचुली पार्क,धिमधिमे लेक,उजा वागेस्वरी मन्दिर जस्ता धार्मिक, पर्यटकिय क्षेत्र संरक्षण, संवर्धन र विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- वनमा आधारित उद्योग स्थापनाका लागि सामुदायिक वन र स्थानीय सरोकारवालाहरुको साझेदारी कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- स्थानीय रुपमा उपलब्ध हुने सुगन्धित तथा औषधीजन्य जडिबुटीको पहिचान, प्रशोधन तथा बजारिकरणको नीति अवलम्बन गरिनेछ ।
- स्थानीय तथा रैथाने उत्पादनका रुपमा रहेका दुना, टपरी, बाँसका सामग्री र कपडाका झोलाहरु उत्पादन तथा प्रयोगका लागि विशेष अभियानसञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बैंक, वित्तीय तथा नाफामूलक संस्थाहरुद्धारा प्रदान गरिने सामाजिक उत्तरदायित्वको कार्यलाई पालिकाको समन्वयमा कार्यान्वयन गरिनेछ ।
- उत्पादित वस्तुहरुको बजारीकरणको लागि अन्य पालिकाहरुसँगसमेत आवश्यक समन्वय र सहकार्य गर्ने नीति लिइनेछ ।
- आदिवासी जनजातिको पहिचान सहित स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, भाषा, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्बर्धन गर्ने नीति लिइनेछ ।

## पूर्वाधार विकास

**गाउँसभाका सदस्यज्यूहरु,**

**भौतिक पूर्वाधार तर्फ**

भौतिक पूर्वाधार विकासको आधारभुत शर्त हो । यस गाउँपालिकामा भौतिक पूर्वाधारको विकासको लागि **"सडक, भवन र खानेपानी : गाउँपालिकाको मुख्य लगानी "** भन्ने नारा तय गरी निम्न कार्यहरुलाई विशेष जोड दिईनेछ।

- गाउँपालिकाको प्रमुख गौरबको आयोजनाको रुपमा रहेको "एक घर,एक धारा " कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वियन गर्न संघिय सरकार, प्रदेश सरकार र अन्य विकास साझेदारहरुसँगको समन्वयमा विभिन्न खानेपानी आयोजना निर्माणको कामलाई निरन्तरता दिईने छ ।
- यस गाउँपालिकाको भित्री सडकको रुपमा रहेको वडा नम्बर २मर्पेस खाडा– पुरुङछेडा– फाँटा– बागी– काभ्रे–पन्त टोल– श्रीवारी– दाङबाङ– भुटनेटा हुँदै मुकुर्टी – घरीचौर-लाहापे – कोईराले- विर्खे- बगरखुट्टी- ठुलोगैरा-झुन्डी – सालबास- हाँसीपुर – मुलाबारी- गहतेरा – जौंलेवाद ( **बंगलाचुली गाउँपालिको रिङ रोड)** जोडने सडकलाई गाउँपालिकाको गौरवको योजनाका रुपमा विकास गरी नियमित गरिनेछ ।

- आवश्यकता पहिचान गरी संभावित सबै स्थानहरुमा लिफ्ट खानेपानी आयोजनालाई प्राथमिकता साथ अगाडि बढाइने छ ।क्रमागत रुपमा रहेका लिफ्ट खानेपानी आयोजनाहरु जति सक्दो छिटो कार्यसम्पन्न गरिने छ ।
- उपलब्ध पानीका स्रोतहरु खोला, सोता, झरना, जरुवा, सिमसार क्षेत्रको उचित संरक्षण गरिने छ ।
- गाउँपालिकाको सडक यातायात गुरुयोजना अद्यावधिक गरीएको छ ।र तीनै तहका सरकारको लगानीबाट निर्मित सडक यातायात पूर्वाधारहरुको एकिकृत सञ्जालमा आवद्ध गरिनेछ ।
- गाउँपालिकाको विशिष्ट पहिचान सहितका रणनीति सडक पुलपुलेसा तथा सिँचाई आयोजनाहरु एकिकृत रुपमा विकास गर्न जोड दिइनेछ ।
- हालसम्म पनि सडक पुग्न नसकेका टोलहरुमा प्राथमिकताका साथ स्तरीय सडक निर्माण गरिने छ ।
- निर्मित तथा सञ्चालित स्थानीय सडकहरुलाई स्थानीय उपभोक्ताको सुझाव र सल्लाहअनुसार समयसापेक्ष रुपमा सडक निर्माण, सञ्चालन तथा मर्मत सुधार गरी निरन्तर चल्न सकीने बनाउन विषेश ध्यान दिइनेछ ।र मुख्य-मुख्य सडकहरुलाई बाह्रै महिना चल्ने बनाउनु आवश्यक कार्ययोजना बनाईनेछ ।
- संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा घोराही–मुर्कुटी सडक पुनः स्तरोन्नती गरी दिगो बनाइने छ भने यो सडकमा चल्ने सिमेन्ट उद्योगका टिप्परको लागि वैकल्पिक मार्गको व्यवस्था गरिने छ ।
- शिक्षण संस्था, स्वास्थ्य संस्था र अन्य सार्वजनिक महत्त्वका संघ संस्थाहरु सम्म स्थानीय वस्तिहरुको पहुँच अभिवृद्धी गर्न विभिन्न स्थानमा झोलुङ्गे पुल निर्माण तथा सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ।
- जटिल प्रकृतिका, आधुनिक उपकरण प्रयोग गरिने र दक्ष जनशक्ति आवश्यकता पर्ने खालका पूर्वाधार निर्माणका कार्यहरु ठेक्कामा लगाई समपन्न गरिनेछ। श्रममा आधारित कामहरु उपभोक्ता समिति मार्फत गर्न क्षमता विकासको तालिम सञ्चालन गरिनेछ।
- स्थलगत योजना सम्झौता कार्यलाई निरन्तरता दिदै प्रत्येक वडामा गठन हुने उपभोक्ता समितिहरुको दलित तथा महिला संयोजक कम्तिमा ३३% कायम गर्ने नीति लिइनेछ।
- गाउँपालिकामा लागत साझेदारीमा निर्माण गरिने आयोजनाहरुको कार्यान्वयनमा स्थानीय टोल विकास संस्थाहरुलाई प्राथमिकता दिइनेछ ।
- सुरक्षित वस्ति विकासका लागि खरको छानो विस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।संघीय सुरक्षीत नागरिक आवास कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने छ ।
- निर्मित संरचनाहरुको दिगोपना कायम गर्न समयसापेक्षरुपमा पूर्वाधार संरचनाहरुको मर्मत सम्भार र उपयोगमा विशेष जोड दिइनेछ।
- स्थानीय जनताको माग, आवश्यकता तथा औचित्यततालाई मध्यनजर गरी विभिन्न पूर्वाधार संरचनाको निर्माण, सञ्चालन र व्यवस्थापनमा जोड दिइनेछ ।
- विगत तथा गत आ.वमा समेत गौरबका आयोजनाको रुपमा चयन भएका पूर्वाधार संरचनाहरुको स्तरोन्नती र सञ्चालन तथा व्यवस्थापनमा उच्च प्राथमिकता दिईनेछ ।

- पूर्वाधारका योजनाहरुलाई दिगो र सवल बनाउनका लागि सुधारिएको कार्यविधिले व्यवस्था गरेअनुसार गरिनेछ ।

उर्जा तथा विद्युतिकरण तर्फ

यस गाउँपालिका क्षेत्रभित्र पूर्ण विद्युतीकरणका लागि उच्च प्राथमिकताका साथ निम्नलिखित कार्यक्रमहरु अगाडि बढाइने छ ।

- राष्ट्रिय विद्युत प्रसारण सञ्जालमा हालसम्म नजोडिएका दुर्गम गाउँहरुलाई जलविद्युत, सौर्य उर्जा, बायोग्यास, वायु उर्जा लगायतका वैकल्पिक उर्जामार्फत विद्युतिकरणका लागि एकीकृत योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- हाम्रो बाँकी कार्यकाल भित्र यस गाउँपालिकाको सम्पूर्ण स्थानलाई विद्युत्तिकरणमा जोडिने छ ।
- बंगलाचुली गाउँपालिकाको बचेनीमा निर्माणाधिन ३३ केभिएको विद्युत सव स्टेसनको काम सम्पन्न गर्नका लागि निरन्तर पहल,समन्वय र सहकार्य गरिनेछ ।
- न्यून भोल्टेजको समस्या भएका स्थानहरुमा विद्युत प्राधिकरणसँग सहकार्य गरी थ्रीफेज तार र ट्रान्सफर्मर जडान गरी समस्या समाधान गरिने छ ।

## वातावरण तथा विपद व्यवस्थापन

**गाउँसभाका सदस्यज्यूहरु,**

वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ

वन, वातावरण तथा विपद व्यवस्थापनका लागि निम्न कार्य अगाडि बढाइने छः

- वन व्यवस्थापन, वन पैदावार, जडिबुटी तथा जैविक विविधताको अध्ययन गरी संरक्षणमा ध्यान दिईनेछ । साथै रोजगारी श्रृजना र हरित अर्थतन्त्रको विकासमा वन क्षेत्रको उपयोग गरिनेछ ।
- विपद जोखीमलाई न्यूनिकरण गर्नका लागि पालिकाभित्रका सम्भावित जोखिमको नक्साङ्कन गरी प्रभावकारी योजना निर्माण गरी प्राथमिकताको आधारमा संघ तथा प्रदेश सरकारसँग योजना कार्यक्रम माग गरी कार्यान्वयन गरिनेछ ।
- सामुदायिक, निजी,धर्मीक र कवुलेयती वनको व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । जैविक विविधता र वन सम्पदाको अभिलेख तयार गरी संरक्षण योजना लागू गरिनेछ ।
- सडक निर्माण तथा प्राकृतिक उत्खनन कार्य गर्दा वातावरण प्रभाव मूल्याङ्कन गरी वातावरण जोगाउन उचीत उपाय अवलम्बन गरिनेछ ।
- मनसुनजन्य बाढी पहिरोबाट क्षती भई कटान भएका खेतीयोग्य जमिन संरक्षणको लागि तटबन्धनको व्यवस्था मिलाइनेछ ।
- विपदबाट उत्पन्न हुनसक्ने असहज परिस्थितिको आंकलन गरी जोखिम न्यूनीकरणको लागि पालिकामा गठन भएको Rapid response team लाई अझ प्रभावकारी ढंगले परिचालन गरिनेछ ।
- नदी कटानको जोखिम न्यूनिकरण गरी बस्ती तथा खेतियोग्य जमीनको सुरक्षाको लागि कटानयुक्त क्षेत्रमा प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा तटबन्ध निर्माणको कार्यलाइ प्राथमिकता दिइनेछ ।

- स्थानीय विपद जोखिम न्यूनिकरण रणनीतिक कार्ययोजना, विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाका आधारमा साझेदारहरुसँग सहकार्य गरी जोखिमलाई न्यूनिकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- आगलागीका घटनाहरु रोकथाम गर्नका लागि प्रयास गरिनेछ ।
- विपद व्यवस्थापनका लागि एक वडा एक खुला एव सुरक्षित क्षेत्र पहिचान गरिनेछ ।खोज,उद्धार, राहत र पुनस्थापनका कार्यहरुमा एकद्धार प्रणाली अवलम्बन गरिनेछ ।
- सामुदायिक वनलाई आयमूलक रुपमा विकास गरी आय र योजना तर्जुमा प्रक्रियामा आबद्ध गरिनेछ ।
- विभिन्न संघ सँस्था तथा टोल विकास सँस्था, सामुदायिक वनहरुको सहभागितामा भू–क्षय तथा विपदलाई मध्यनजर गरी बृक्षारोपण र तारवार गर्ने गरी व्यवस्था मिलाइनेछ।
- स्थानीय आपतकालिन कार्य संचालन केन्द्र स्थापना गरी संचालनमा ल्याइनेछ ।
- प्राकृतिक विपदबाट हुने भौतिक तथा मानविय क्षतीलाई मध्यनजर गर्दै गाउँपालिकाले प्रदान गर्दै आएको राहतलाई निरन्तरता दिईनेछ।
- भूमि सम्बन्धी समस्या समाधान आयोगको नीति अनुरुप भूमिहिन सुकुम्बासी, अव्यवस्थित बसोबासीलाई पहिचान, लगत सङ्कलनगरी प्रमाणिकरण गराई लालपूर्जा वितरण गर्ने कार्यलाई अगाडि बढाईनेछ ।
- सार्वजनिक जग्गा तथा सम्पतीको पहिचान तथा संरक्षण गरिनेछ ।
- गाउँपालिकाको भौगोलिक विशिष्टतालाई मध्यनजर गर्दै विपद् व्यवस्थापनका लागि स्थानीय तह, सुरक्षा निकाय र संघसंस्थासँगको समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाइनेछ साथै विपद् ब्यवब्थापन कोषमा पर्याप्त बजेटको ब्यवस्था गरिनेछ।
- विपद् जोखिम नक्साङ्कन तथा प्रतिकार्य योजनामार्फत नेपाल सरकार, प्रदेश सरकार र गा.पा. तह तथा अन्तराष्ट्रिय संघ/संस्था र निजी क्षेत्रसँग विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन एवम् विपद् स्वयंसेवक परिचालनका कार्यहरु समन्वयात्मक ढङ्गले सम्पादन गरिनेछ।

<u>संस्थागत विकास तथा शुसासन तर्फ</u>

**गाउँसभाका सदस्यज्यूहरु,**

<u>सार्वजनिक सेवा प्रवाह तथा संस्थागत विकास र सुशासन तर्फ</u>

<u>सार्वजनिक सेवा प्रवाह</u>

बंगलाचुली गाउँपालिकाको समुन्नती र स्थानीय सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज, गुणस्तरीय र प्रभावकारी एवं जनमुखी बनाउन **"तिब्र विकास, शिघ्र सेवा"** कार्यक्रम मार्पत देहाय अनुसारका नीति तथा कार्यक्रमहरु तय गरेको छु ।

- यस गाउँपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखाका कर्मचारीहरुमा सदाचार पद्धति र आत्माअनुशासन लागु गरिनेछ । जनप्रतिनिधिको क्षमता विकासलाई विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

- गाउँपालिकाको स्वीकृत दरवन्दी तेरिज बोमोजिम जनशक्ती व्यवस्थापन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाईने छ ।
- सेवाप्रवाहका हरेक चरणमा प्रविधिको उपयोग तथा विस्तार गरी सेवाप्रवाहलाई सरलीकरण गरीने छ ।सेवाहरुलाई प्रथमचरणमा कमप्युटर प्रविधिमा आधारीत तथा दोस्रोचरणमा ईन्टरनेटमा आधारीत बनाई Digital Demand, Digitally serve को निती अवलम्बन गरीने छ ।
- नागरिकको जनगुनासो सुन्नका लागि व्यवस्थित संयन्त्र तयार गरीने छ ।
- सबै वडा कार्यालयहरुलाई आधारभूत सेवाप्रवाह गर्ने केन्द्रको रुपमा विकास गरिने छ ।
- सम्पूर्ण औपचारीक क्षेत्रका करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरीने छ साथैकार्यविधी निर्माण गरी वृद्धिविकास र सेवासुविधामा वृद्धी गरिनेछ।
- आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण जस्ता कार्यहरुबाट पारदर्शिता एवं शुसासन कायम गरिने छ ।गुनासो सुन्ने तथा समाधान गर्ने परीपाटीको विकास गरिने छ ।
- गाउँपालिका क्षेत्र वरीपरी ल्यान्डलाईन टेलीफोन र इन्टरनेट सुविधा विस्तार गरीएको छ ।यसलाई क्रमशः अन्यत्र पनि विस्तार गर्दै लगिने छ ।
- गाउँपालिकामा स्थानीयको पहुँच स्थापित गरी गाउँपालिकावासीले आफ्नो गुनासो र परामर्श प्रत्यक्षरुपमा दिनसक्ने गरी बंगलाचुली गाउँपालिकाको आफ्नै रेडियो **"रेडियो बंगलाचुली",गाउँपालिकाको फेसबुक पेज,वेभसाईट मार्फत** तत्काल गुनासो सुनुवाइ लाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाको विभिन्न स्थानमा प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रम तथा समिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाबाट प्रदान गरिने सेवा, सुविधा,तालिम,सहयोग आदिको नियमित तथ्याङ्क अभिलेखिकरण गरिने छ ।
- सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो, चुस्त सरल, पारदर्शि र प्रभावकारी बनाई आम नागरिकको गाउँपालिका प्रति अपनत्त्व र विश्वसनीयता बढाउन सार्वजनिक प्रशासनको नीतिगत, कानुनी, संस्थागत एवम् मनोव्यावहारिक पक्षमा सरलीकरण गरी निरन्तर सुधार गर्दै लगिनेछ ।
- गाउँपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थापन प्रणाली तथा सार्वजनिक सेवाको मापदण्ड अद्यावधिक गरिनेछ ।
- गाउँपालिका तथा अन्तर्गतका सबै निकायहरुमा सूचना अधिकारीहरुको व्यवस्थापन गरी निजहरुको क्षमता विकाससँगै प्रोत्साहन कार्य अगाडी बढाइनेछ।
- वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा नागरिक वडापत्र निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको क्षमता विकासका विभिन्न कार्यक्रमहरु सञ्चालन गरी सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।

- अध्ययन अनुसन्धान तथा तथ्यमा आधारित नीति, कार्यक्रम तथा योजना छनौट एवम् निर्माण गर्न आवश्यक पर्ने आधारभूत तथ्याङ्क सङ्कलन प्रशोधन भण्डारण र उपयोगका लागि समुचित व्यवस्था गरिनेछ।
- गाउँपालिका तथा अन्तरगतवाट प्रदान गरीने सार्वजिनक सेवा जस्तै व्यावसाय दर्ता नविकरण कर संकलन  अपाङ्गता परीचयपत्र तथा जेष्ठ नागरीक परीचयपत्र वितरण कार्यलाई डिजीटाजेशन गर्ने व्यवस्था गरीनेछ ।
- सार्वजनिक सेवाको वरीपरि नागरिक होइन्, नागरिकको वरिपरी सार्वजनिक सेवा पुर्‍याउने कार्य अघी बढाइनेछ ।
- डिजिटल सेवा, मोवाइल हब, एकिकृत घूम्ती सेवा जस्ता नविनतम उपकरणहरु प्रयोगमा जोड दिइनेछ ।
- गाउँपालिकाको आत्मनिर्भरताका लागि आन्तरिक आम्दानी वृद्धि गर्न विद्यमान राजश्व सुधार योजना, २०७९ पूर्ण र प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।
- विनियोजनमा कुशलता, खर्चमा मितव्ययिता, निर्णयमा जनमुखिपना कायम गर्न जोड दिइनेछ ।
- गाउँपालिकाको दिर्घकालिन सोँच सहितको दोस्रो पञ्चवर्षिय योजनाले लिएको लक्ष्य एवं उद्देश्य पुरा गर्न संस्थागत सस्मरण जोगाउँदै जनप्रतिनिधि तथा कर्मचारीहरुका बीचमा मुटु र मस्तिस्कको सम्बन्ध कायम हुनेगरी संस्थागत सक्षमता वृद्धि गर्ने नीति तथा कार्यक्रम अभिवृद्धि गरिनेछ ।
- गाउँपालिकाबाट निर्माण गरिने स्थानीय कानूनहरुको समयसापेक्ष परिमार्जन कार्यलाई प्राथमिकता दिइनेछ ।
- गाउँपालिकामा निर्माण गरिएका र गरिने कानूनहरुको अभिलेख व्यवस्थित गर्न सभामा रहेको सचिवालयलाई स्रोतसाधन सम्पन्न बनाईनेछ।

<u>सूचना संचार तथा प्रविधि तर्फ</u>

- गाउँपालिकाले संचालन गरेको **"रेडियो बंगलाचुली ९१.७ मेगाहर्जलाई"** थप व्यवस्थित, प्रभावकारी,बनाईने छ ।साथैसमयानुकुल नयाँप्रविधिमा आधारित सेवाको विस्तार गरिने छ ।
- यस पालिकाको सूचना संचार तथा विज्ञापन प्रकाशन प्रसारणलाई थप व्यवस्थित गर्न छुट्टै विज्ञापन निति बनाईने छ ।
- जिल्लामा रहेका अन्य संचार माध्यमहरुसंग सहकार्य गर्दै बंगलाचुली गाउँपालिकालाई मिडियामैत्री गाउँपालिकाकोरुपमा विकास गरिने छ । संचारकर्मीको क्षमता विकासका लागि तालिम तथा अन्य विविध कार्यक्रमहरु संचालनमा निरन्तरता दिइनेछ ।
- बंगलाचुली गाउँपालिकालाई विद्युतिय शासन प्रणालीमा विकास गर्दै लगिने छ ।
- गाउँपालिकामा दक्ष सञ्चारकर्मी उत्पादनका लागि तालिम कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

<u>भूमि व्यवस्थापन</u>

- **बंगलाचुली गाउँपालिकाभित्र** रहेका सरकारी, प्रति ऐलानी, बाँझो जग्गाको अतिक्रमण रोक्न लगत संकल्न गरी संरक्षण तथा अभिलेखीकरण गरी उपयोगमा ल्याइने नीति अवलम्बन गरिनेछ ।
- भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि राष्ट्रिय भूमी आयोगको समन्वयमा आवश्यक काम कार्वाही सम्पन्न गरिनेछ ।

**<u>गैरसरकारी तथा नीजि क्षेत्र</u>**

- गाउँपालिकामा रहेर काम गरिरहेका विभिन्न सघसंस्थाहरु संग आवश्यकताका आधारमा सहकार्य गरिने छ ।
- गैरसरकारी संस्थाको अनुगमन नियमनलाई प्रभावकारी बनाई संस्थागत सुशासन कायम गरिनेछ।
- गैरसरकारी संस्थाले यस गाउँपालिकामा सञ्चालन गर्ने कार्यक्रमहरु पालिकाको आवश्यकता र औचित्यको आधारमा पालिकाले तोकेको क्षेत्रमा जाने गरी अनुमति दिइनेछ ।
- गैर सरकारी तथा नीजि क्षेत्रबाट कार्यक्रम सञ्चालन गर्दा त्यस्ता कार्यक्रम र आयोजना गाउँसभा हुनुपूर्व पेश गरी सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

**<u>स्थानीय आर्थिक तथा राजस्व परिचालन</u>**

- यस पालिकामा रहेका चुनढुङ्गा उत्तखनन् बाट सिमेन्ट उद्योगहरुले पालिकालाई दिने राजस्वलाई व्यवस्थितरुपमा संगलन गरिने छ ।
- नदीजन्य पदार्थको उत्खन्न संकलन तथा विक्री वितरणलाई प्रचलित कानून अनुसार हुने गरी प्रभावकारी रुपमा व्यवस्थित गरिनेछ ।
- चालु खर्चलाई मितव्यायी र वाञ्छित सीमाभित्र राखी पुँजीगत खर्चलाई प्राथमिकता प्राप्त क्षेत्रमा समयमै खर्च गर्ने प्रणालीको विकास गरिनेछ ।
- करदाता शिक्षालाई वडा तहसम्म सञ्चालन गरी करको दर र दायरालाई वैज्ञानिक र प्रगतिशिल तुल्याउँदै स्वचालित कर प्रणालीको विकास गरिनेछ ।
- घरबहाल तथा बिटौरीको अभिलेखलाई व्यवस्थित गर्न टोल विकास संस्थाको क्षमता विकास गर्दै टोल विकास संस्था मार्फत घरबहाल तथा बिटौरी कर उठाइने र उक्त कार्यका लागि टोल विकास संस्थालाई प्रोत्साहित गरिनेछ ।
- **बंगलाचुली गाउँपालिकाभित्र** सञ्चालमा रहेका पसल, व्यावसाय तथा उद्योगमा व्यावसायिक स्वच्छता, वस्तु तथा सेवाको गुणस्तर कायम गर्ने कार्यका लागि प्रभावकारी बजार अनुगमन गरिनेछ । कर प्रणालीको दायराभित्र नआएका करदाताहरुलाई करदाता शिक्षा तथा अभियान मार्फत दायरामा ल्याइनेछ ।
- स्थानीय कर प्रशासनलाई थप सुदृढ र व्यवस्थित गर्दै राजश्व चुहावट र नियन्त्रणलाई प्रभावकारी तुल्याइनेछ ।
- बंगलाचुली गाउँपालिकाभित्र बाट कच्चपदार्थ चुनढुङ्गा लैजाने सबै सिमेन्ट उद्योगहरु र स्थापना हुने अन्य विभिन्न उद्योगले बंगलाचुली गाउँपालिका स्थानियबासीलाई प्रत्यक्ष रोजगारी दिने व्यवस्था गर्न आवश्यक पहल गरिने छ ।
- यसपालिकामा दर्ता विना व्यवसाय गर्नेकृषि उत्पादन बाहेकका वस्तु तथा सेवा दिने घुमन्ते व्यापारीलाईकानूनी दायरामा ल्याइनेछ ।
- यस पालिकामार्फत कारोवार गर्ने निजी कम्पनी,फर्महरुलाई गाउँपालिकामा सुचिकृत शुल्क सहित सुचिकृत गराई आर्थिक कारोवार गरिने छ ।

## सम्भावना र चुनौतिहरु

- कृषि,पशुपक्षी,माछापालन,दुग्ध उत्पादन,जाडिवुटी उत्पादनलाई सहयोग पुग्ने खालका सिचाई,मल,विउ वितरण,प्रसोधन केन्द्र, वजारीकरण तथा अनुदान जस्ता कुराहरुलाई प्राथमिकता दिनु पर्ने।
- सहिद,वेपत्ता परिवार,घाईते,द्वन्दपिडित,आदिवासी जनजाती,महिला,दलित जस्ता समावेशीकरणको क्षेत्रमा प्रभावकारी योजना र बजेटको व्यवस्थापन गर्नु ।
- पर्यटकिय स्थलहरुको प्रचारप्रसार गर्दै पर्यटन विकासका लागि आवश्यक योजना निर्माण गर्नु ।
- गाउँपालिकाको आन्तरिक आम्दानी बढोत्तरी गर्न राजश्व सुधार योजना कार्यन्वयन गर्नु ।
- आत्मनिर्भर अर्थतन्त्रको विकास तथा स्वरोजगार वृद्धि गर्दै आयआर्जन मुलक योजना बनाउन आवश्यक रहेको छ ।
- चुनढुङ्गा खानी र खानी प्रभावीत क्षेत्रहरुको उचित व्यवस्थापनका साथै चुनढुङ्गा बोक्ने टिप्परहरु चल्ने वैकल्पिक सडकहरुको छिटो व्यवस्थापन ।
- खानेपानीको समस्या विकराल बन्दै गईहेकाले संघ,प्रदेश, र स्थानिय सरकारको सहकार्यमा "एक घर एक धारा" कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्थापन ।
- समयानुकुल दक्ष जनशक्ति उत्पादन गर्न व्यवसायीक र शिपमुलक शिक्षामा जोड गर्न आवश्यक छ ।
- लागु तथा मादक पदार्थको असिमित विक्रिवितरण र सेवन,वालविवाह,वहुविवाह,घरेलु हिँसा,सम्बन्ध विच्छेद,विलाशिताका क्षेत्रमा फजुलखर्च तथा सामाजिक सन्जालको दुरुपयोग जस्ता घटनाहरुले परिवार र सामाजिक एकतामा पुर्याईरहेको विखण्डनलाई न्यूनिकरण गर्न वडास्तरिय समाजसुधार समिति निर्माण गरी समाज सुधारका कामहरु अगाडी बढाउन आवश्यक छ ।
- प्राय सडकहरु कच्चि भएकाले वर्षातको समयमा यातायातका साधनहरु बन्दहुने हुँदा बाह्रै महिना सन्चालनहुने सडक निर्माण गर्नु ।
- सामाजिक सुरक्षा कोषमार्फत किसान पेन्सन कार्यक्रम तत्काल लागु गर्नु पर्ने
- जैविक विविधता तथा वातावरण संरक्षणको कार्यक्रम मार्फत बंगलाचुलीको समग्र अध्ययन गर्न आवश्यक रहेको
- गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा प्रयाप्त मात्रामा जनशक्ति टिकाई सेवा प्रवाह सुदृढ गर्नु
- गाउँपालिकाको आन्तरिक आम्दानी बढोत्तरी गर्न राजश्व सम्भाव्यता अध्ययन गरी राजश्व प्रशासनलाई सुधार गर्नु
- ठुला तथा गौरबका आयोजनाहरु समयमै ठेक्का लगाई गुणस्तरीय रुपमा सम्पन्न गर्नु
- गाउँपालिकामा विभिन्न समयमा आइपर्ने प्रकोप तथा विपद सामना गर्न पूर्वतयारी पुनःस्थापना र पुनःनिर्माणका लागि यथेष्ट स्रोत व्यवस्थापन गर्नु
- गाउँपालिकाको शिक्षा र स्वास्थ्य सेवालाई थप सुदृढ र व्यवस्थित गर्नु
- एक घर एक धारा कार्यक्रम अन्तर्गत नागरिकलाई सुरक्षित खानेपानीको सुविधाको सुनिश्चितता गर्नु

- राष्ट्रिय अभियानहरु, वालमैत्री स्थानीय शासन कार्यक्रम, वातावरणमैत्री स्थानीय कार्यक्रम, छुवाछुत मुक्त स्थानीय तह घोषणा कार्यक्रम, पूर्ण खोप सुनिश्चिता कार्यक्रमको दिगोपना जस्ता अभियानहरु संचालन गर्नु
- स्थानीय स्तरमा स्वरोजगारी सिर्जना गरी कृषि उत्पादन, पशुपन्छीपालन जस्ता व्यवसायहरुलाई आधुनिक र व्यवस्थित गर्नु

**गाउँसभाका सदस्यज्यूहरु,**

गाउँपालिकालाई यहाँ सम्म ल्याई पुर्याउन हातेमालो गर्दै सहयोग गर्नुहुने सम्पूर्ण सरकारी तथा गैर सरकारी संघ संस्था, निजी क्षेत्र, समुदाय, सहयोगी हातहरु र सम्पूर्ण बंगलाचुली बासीहरुमा हार्दिक धन्यवाद दिन चाहान्छु। प्रस्तुत नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा सल्लाह सुझाव दिइ योगदान गर्नुहुने राजनैतिक दल, सभा सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, श्रमजीवीवर्ग, सञ्चारकर्मी, सामाजिक सञ्जाल, विकास साझेदार एवम् गैरसरकारी संघसंस्था लगायत आम बंगलाचुलीबासीप्रति आभारी छु ।

यस गाउँपालिकाको समग्र विकास,सवृद्धी र सुशासनका लागि विभिन्न राजनीतिक दल,संघसंस्था,संचारमाध्यम,सामाजिकसंजाल र प्रवुद्ध क्षेत्रबाट लिखित मौखिक रुपमा आएका राय सल्लाह र सुझावलाई यथासिघ्र सम्बोधन गर्दै जाने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । र आगामि दिनमा यी नीतिहरुको सफल कार्यान्वयनको लागि गाउँपालिकामा क्रियाशील राजनीतिक दल, सरकारी तथा गैर सरकारी संघसंस्थाहरु, संचारकर्मी, नागरिक समाज लगायत सम्पूर्ण बंगलाचुलीबासी आमा–बुवा, दाजु–भाइ, दिदी–बहिनीहरुको रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा गरेको छु। अन्त्यमा, देश भित्र र बाहिर रहनुभएका सम्पूर्ण बंगलाचुली बासीहरु गाउँ विकासमा योगदान गर्नुहुनेछ भन्ने हार्दिक अपेक्षा सहित अनुरोध गर्दछु।

धन्यवाद !!

<u>प्रस्तुतकर्ता</u>
तुल्सीराम पुन मगर
अध्यक्ष
बंगलाचुली गाउँपालिका
मिति : २०८२/०३/०९ गते